# माटो नमुना लिने तरीका

माटोको नमुना लिनु भन्दा पहिला जमिनको छनोट गर्नु पर्छ सके सम्म सबै जमिनको प्रतिनिधित्व गर्ने हुनु पर्छ ।

माटो नमुना लिनको लागि आबश्यक सामाग्रिहरु , खुर्पि , अगर , कोदालो, बाल्टि ,चक्कु, कपडा वा प्लाष्टिका थैलि ,

१ . माटोको नमुना लिनु भन्दा पहिला नमुना लिने औजारहरु सफा गर्नु पर्छ ।

२. माटो नमुना लिने जग्गालाई V वा W आकारमा रेखाङकन गरेर लिनु पदर्छ ।

३. पहिला नमुना लिने ठाउँको माथिल्लो भागमा भएको झरपात तथा माथिल्लो भागको माटो हटाउने ।

४. भि V आकारको २५ से मि को अगर वा कादालोको सायताले खाडल खन्ने आबश्यकता अनुसार तरकारीको तथा खाद्यान्न बालिको लागि २० देखि २५ से मि तलको माटो लिनु पर्दछ । भने फलफुलको लागि १ मिटर मुनिकु माटो लिनु पर्दछ । त्यहाँको माटो बाल्टिमा राख्दै जानु पर्छ ।

कृषि गाउँपालिका


५. जमिनको आकार हेरी जमिनको सबै किसिमको माटो समेटिने गरी कम्तिमा पनि १० देखि १२ वटा उपनमुना लिनु पर्दछ ,माटोको उपनमुना लिई एउटा नमुना बनाउनु पर्दछ ।


६. माटोको नमुना लिदा माटोमको रंगको आधारमा पनि माटोको नमुना फरक फरक नमुना हुनुपर्छ ।

७. यसरी नमुना लिएको माटोलाई डल्लाहरु फुटाउने , ढुङ्गा झारपात भए हटाउने राम्रो संग मिलाउने ।

८. त्यो मिलाएको माटो लाई सफा पेपर वा पत्रिकामा गोलो आकार गरेर फिजाउने चित्रमा देखाएको जस्तो गरेर

४ भाग बनाउने र अगाडिको एक भाग र पछाडिको एक भाग हटाउने माटो १ के जि नपुगे सम्मा यो प्रकृया जारी राख्ने ।





९. त्यो एक केजि माटोलाई थैलोमा  राखेर , भित्र राखेर सतो कागवजमा , नाम, ठेगाना , नमुना नम्मवर र नमुना लिएको मिति ,लगाएको बालि , उत्पादन , सिचाईको अबस्था , लेखेर त्यस भित्र राख्ने ।

१०. माटो नमुना लिन नसकिने अबस्थाहरु , बालि लगाईराखेको अबस्थामा, जमिन हिलो भएमा, , भर्खर मलखाद प्रयोग गरेको भएमा ।

११. तयार भएको माटो नमुना लाई जाच्नको लागि स्थानिय तहमा रहेको कृषि शाखा तथा अन्य माटो परीक्षण प्रयोगशालामा सम्पर्क ।

## माटो परीक्षण किन

१.माटोमा बालिलाई आवश्यक हुने खाद्यतत्वको अबस्था थाहा पाउन ।

२. माटो नमुना परीक्षण नमुनाको आधारमा कुन बालिको लागि कति मल आबश्यक पर्छ भन्ने कुरा थाहा पाउनको लागिा ।

३. माटो परीक्षणको आधारमा चाहिने मल ठिक मात्रामा प्रयोग हुने भएकोले अनाबश्यक मलको कटौति हने भएकोले त्यसमा लाग्ने खर्च कम हनुको साथै वातावरण प्रदुषण हुन बाट बचाउछ ।

४.समस्या मुक्त माटोको समस्या पहिचान हुने भएकोलले समस्या समाधान गरी उत्पादन बढाउनमा टेवा पुऱ्याउछ । उदारणको लागि माटो अम्लियपना ( ph ) जाचे पछि माटोमा कृषि चुनको प्रयोग हो या होईन हो भने कति मात्रामा प्रयोग गर्ने हो भन्ने कुरा थाहा पाउन सकिन्छ।

**कृषि विकास शाखा**

**कुशे गाउँपालिका**

**थर्पु भार्मा जाजरकोट**

कुशे गाउँपालिका